अछाम जिल्लाको मेल्लेख गाउँपालिका–५ मा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# ग्राहक सदस्यहरुको लागि वित्तीय साक्षरता तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफ्ना ग्राहक सदस्य, अभिभावक तथा बुद्धिजिवि लगायत ४४ जनाको सहभागितामा २०७५ मंसिर २६ गते अछाम जिल्लाको मेल्लेख गाउँपालिकामा “ग्राहक सदस्यहरुको लागि वित्तीय साक्षरता तालिम” सम्पन्न गरेको संस्थाका साँफेबगर शाखाका प्रमुख फुलिराम चौधरीले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षक फूलिराम चौधरी कार्यक्रम संचालक गिरिजा प्रसाद घिमिरे र धन बहादुर सहकारी र झुमा कुमारी खड्का रहेका थिए ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिई रहेको यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नततिर अगाडि बढेको साथै यस तालिमको उद्देश्य बारेमा समेत संस्थाका प्रमुख फुलिराम चौधरीले प्रकाश पारेका थिए ।

यस तालिममा ग्राहक सदस्यहरुले वित्तीय साक्षरता तालिम एक परिचय, वित्तीय साक्षरताको महत्व, उद्देश्य, वित्तीय लक्ष्य निर्धारण, बचत परिचालन, कर्जा ब्यवस्थापन तथा कर्जा सदुपयोगिता, वित्तीय अनुशासन, सेवा सुविधाको छनौट प्रक्रिया तथा आम्दानी खर्च, जोखिम ब्यवस्थापन, बिमा, विप्रेषण सेवा, ब्यवसायिक योजना, ब्यवसायिक योजना बनाउँदा ध्यान दिनु पर्ने कुराहरु, बचतको महत्व तथा संस्थाको पब्लिक डिपोजिटको बारेमा, संस्थाले प्रदान गरी रहेका सेवाहरु, कर्जा, बचत, बिमा र विप्रेषण सेवाको बारेमा श्रब्य दृश्य ब्यानर, पोष्टर आदि सामग्री प्रयोगको माध्यमबाट जानकारी हासिल गरेको साँफेबगर शाखाका प्रमुख फुलिराम चौधरीले बताएका थिए ।

यो निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुऱ्याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विना धितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आई रहेको छ । यस संस्थाले देशको कुना कुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम

प्रदान गर्दै आई रहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेको छ ।
संस्थाले २०७५ कार्त्तिक मसान्तसम्ममा ३ लाख २८ हजार ९०६ घरपरिवारहरुमा सेवा विस्तार गरेको छ ।
संस्थाले २०७५ कार्त्तिक मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. १६ अरब ११ करोड ८१ लाख रहेको छ भने ग्राहक सदस्यहरुका ९ अरब १३ करोड ६५ लाख बचत परिचालन गरेको छ ।
तालिमको अन्त्यमा तालिमको मूल्याकंन सहभागी कार्यवाहक वडाध्यक्ष गोपाल सार्कीले आफ्ने मन्तब्य राखेका थिए । वित्तीय साक्षरता तालिमको माध्यमबाट निर्धन उत्थान लघुवित्त र यसले प्रवाह गर्दै आई रहेको सेवा सुविधाहरुको बारेमा धेरै जानकारी भएको साथै यस संस्थाको कार्यक्रम नपुगेका ठाउँहरुमा समेत सेवा विस्तार गर्नु पर्ने र आफूले समेत यस कार्यमा सहयोग गर्ने कुरा बताएका थिए ।